**ओमसतिया गाउँपालिकाको १९ औं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री सुनिता चौधरीज्यूले प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०८३/०८४ को
# वजेट वक्तव्य

ओमसतिया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हाटीफर्सीटिकर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

२०८३ साल आषाढ ०८ गते सोमबार

**गाउँसभाका सभाध्यक्षज्यू,**

**सभा सदस्यज्यूहरु,**

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

**सञ्चारकर्मी, पत्रकार तथा सुरक्षाकर्मी साथीहरु ।**

नेपालको संविधानको भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २३० मा उल्लेख भए बमोजिम ओमसतिया गाउँपालिकाको गरिमामय गाउँसभा समक्ष ओमसतिया गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक बर्ष २०८३/८४ को यस गाउँपालिकाको राजश्व र व्ययको अनुमान प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा सर्वप्रथम नागरिक स्वतन्त्रता, लोकतान्त्रिक अधिकार, सामाजिक न्याय र समुन्नत नेपालका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात्/अज्ञात् शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शहीदका परिवारहरुप्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु। साथै विभिन्न कालखण्डमा भएका आन्दोलनका क्रममा बेपत्ता हुनुभएका नागरिक, घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु।

"**ओमसतियाको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान**" को मुल नारालाई साकार पार्न विकास निर्माण र गाउँपालिकाको समृद्धिको लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सबै वर्ग र क्षेत्रका महानुभावहरुको महत्वपुर्ण योगदान रहेको कुरा अवगत गराउँदै सबैप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

ओससतियाबासीको बृहत्तर हितलाई ध्यानमा राखी नेपालको संविधान, नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजनाहरु, दिगो विकास लक्ष्य एवं ओमसतिया गाउँपालिका गाउँ कार्यकार्यालयको नीति तथा कार्यक्रमालाई आधार मानी यो बजेट तर्जुमा गरेको छु।

क्रमागतरुपमा सञ्चालनमा रहेको ओमसतिया गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेको र चालु आ.ब. २०८२/८३ मा सम्पन्न हुने कतिपय योजनाहरुको भुक्तानी दायित्व वहन गर्नुपर्ने अवस्था सृजना भएको छ। गाउँपालिकामा उपलब्ध स्रोत साधनको सिमितता र अन्तराष्ट्रियस्तरमा भएका युद्धका कारण ईन्धनमा भएको मुल्य वृद्धिको प्रभाव सबै क्षेत्रमा पर्न गई लक्ष्य अनुसारको पूजिगत खर्च हुन नसकेको विषयमा यहाँहरु अवगत नै हुनुहुन्छ। जसका कारण यस आ.ब.मा सोंचे जस्तो प्रगती हुन सकेको छैन। साथै माग बमोजिमका सबै योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्न कठिनाई भएकोले निश्चित मापदण्डका आधारमा योजनाहरु प्राथमिकिकरण गरी छनोट गर्नुपर्ने बाध्यता हाम्रो सामु रहेको छ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा सहभागिता, समावेशिता, सामाजिक न्याय, पारदर्शिता, उत्तरदायित्व, वित्तीय अनुशासन, दिगो विकास, परिणामुखिता, सन्तुलित विकास, आर्थिक विकास, वातावरणीय संरक्षण तथा सुशासनका सिद्धान्तलाई मूल आधारका रूपमा अवलम्बन गरिएको छ। जसबाट आम गाउँपलिकाबासीको अपेक्षा सम्बोधन हुनेछ भन्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

**आगामी आ.ब. २०८३/८४ को बजेटमा तपसिलका प्राथमिकता तय गरेको छुः**

- गाउँपालिकाको सेवाप्रवाहलाई थप प्रभावकारी, एकीकृत तथा नागरिकमैत्री बनाउन आगामी आर्थिक वर्षभित्र गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरी सम्पूर्ण प्रशासनिक सेवा एकै स्थानबाट सञ्चालन गर्ने।
- शिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी र प्रभावकारी बनाउन विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, प्रविधिमैत्री शिक्षण प्रणालीको विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने।
- कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरणमार्फत कृषकलाई प्रविधिमैत्री बनाउँदै उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्ने योजनाहरू सञ्चालन गर्ने।
- गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य तथा रणनीतिहरू कार्यान्वयनमा योगदान पुग्ने योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता प्रदान गर्ने।
- स्थानीय संस्कृति, कला, परम्परा तथा पहिचानको संरक्षण एवं प्रवर्द्धन गर्ने, दिगो विकासलाई टेवा पुऱ्याउने, वातावरण संरक्षण तथा प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा योगदान गर्ने योजनाहरू सञ्चालन गर्ने।
- गरिबी न्यूनीकरण, उत्पादनमूलक रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने।
- जनस्वास्थ्यको प्रवर्द्धन, उपचारात्मक स्वास्थ्य सेवाको विस्तार, स्वास्थ्य सुरक्षा सुनिश्चितता तथा स्वास्थ्य संस्थाहरूको संस्थागत सुदृढीकरण हुने कार्यक्रमहरू सञ्चालन गर्ने।
- वातावरणमैत्री, हरित विकास अवधारणामा आधारित तथा जलवायु परिवर्तन अनुकूलन र उत्थानशीलता अभिवृद्धि गर्ने योजनाहरूलाई विशेष प्राथमिकता प्रदान गर्ने।
- युवा तथा खेलकुद क्षेत्रको विकास, प्रतिभा पहिचान, खेल पूर्वाधार निर्माण तथा खेलकुद गतिविधिको प्रवर्द्धनमार्फत गाउँपालिकाको गौरव र आत्मसम्मान अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने।

- संघीय सरकार तथा प्रदेश सरकारका नीति, कार्यक्रम, लक्ष्य र प्राथमिकतासँग समन्वय र सहकार्य हुने तथा अन्तरसरकारी साझेदारीलाई थप सुदृढ बनाउने योजनाहरूलाई प्राथमिकता प्रदान गर्ने।
- सुशासन, पारदर्शिता, उत्तरदायित्व, डिजिटल सेवा प्रवाह तथा संस्थागत क्षमता विकासमार्फत नागरिकलाई सहज, सरल र गुणस्तरीय सेवा उपलब्ध गराउने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म यहाँहरु समक्ष "ओमसतियाको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान "** भन्ने मुल नाराका साथ प्रस्ताव गरिएको चालु आ.ब. २०८२/८३ को राजश्व र व्ययको हालसम्मको कार्यक्रम कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**चालु आ.ब. २०८२/८३ को हालसम्मको यथार्थ संक्षिप्त आय विवरण यसप्रकार छ।**

- चालु आर्थिक वर्षको हालसम्म सङ्घीय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान तर्फ रु. १२ करोड ६६ लाख अनुमान गरेकोमा रु. ११ करोड ६६ लाख ३० हजार ७ सय अर्थात ९१.४५ प्रतिशत मात्र प्राप्त भएको छ। चालु आ.व मा ८.५५ प्रतिशत रकम प्राप्त नहुने देखिन्छ।
- संघीय सरकार सशर्त अनुदान तर्फका आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि रु. १६ करोड ८६ लाख ८० हजार प्राप्त भएको छ।
- संघीय सरकार समपुरक अनुदान तर्फ रु. ४० लाख अनुमान गरेकोमा रु. ४० लाख प्राप्त भएको छ।
- प्रदेश सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान तर्फ रु. ८० लाख ७३ हजार प्राप्त भएको छ।
- प्रदेश सरकार सशर्त अनुदान तर्फ रु. १ करोड ५५ लाख अनुमान गरेकोमा रु. ६२ लाख ३९ हजार प्राप्त भएको छ।
- प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. ७५ लाख अनुमान गरेकोमा रु. २४ लाख ७५ हजार प्राप्त भएको छ।
- बाँडफाँडबाट प्राप्त राजश्व अन्तर्गत संघीय सरकारबाट रु. ९ करोड १६ लाख ९३ हजार अनुमान गरेकोमा हालसम्म रु. ८ करोड २ लाख ३४ हजार प्राप्त भएको छ।
- राजश्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारबाट रु. ८७ लाख ७७ हजार अनुमान गरेकोमा हालसम्म रु. ८३ लाख ६८ हजार प्राप्त भएको छ।
- मालपोत बाँडफाँडबाट रु. २ करोड ९ लाख अनुमान गरेकोमा रु. १ करोड ७३ लाख २६ हजार रुपैया प्राप्त भएको छ।

- गाउँपालिकाको आन्तरीक श्रोत तर्फ रु. ४ करोड १७ लाख अनुमान गरेकोमा रु. ३ करोड २४ लाख ८८ हजार मात्र प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

  समग्रमा चालु आ.व.मा कुल अनुमानित आय रु. ५१ करोड ४० लाख २६ हजार २ सय १२ रुपैया अनुमान गरेकोमा हालसम्म ४६ करोड ३४ लाख ८ हजार १४ रुपैयामात्र प्राप्त भएको छ ।संघीय समानिकरण अनुदान तर्फको ९१.४५ प्रतिशत र आन्तरिक श्रोत तर्फ ७५.०२ प्रतिशत मात्र आम्दानी भएको अवस्थामा सम्पूर्ण योजना तथा कार्यक्रम सम्पन्न भएमा भुक्तानी दायित्व सार्नुपर्ने बाध्यात्मक परिस्थिति सृजना हुने चुनौती हामी सामु छ ।

**चालु आ.ब. २०८२/८३ को हालसम्मको यथार्थ संक्षिप्त खर्च विवरण यसप्रकार छ।**

- चालु आर्थिक वर्षमा यस गाउँपालिकाको चालु खर्च शिर्षकमा रु. ३३ करोड ३८ लाख ४२ हजार बिनियोजन भएकोमा २०८३ आषाढ पहिलो हप्तासम्म रु. २४ करोड ३० लाख २७ हजार अर्थात ७२.८० प्रतिशत र पूँजिगत खर्च शिर्षकमा रु.१८ करोड १ लाख ८४ हजार बिनियोजन भएकोमा रु. ८ करोड ४८ लाख ३५ हजार अर्थात ४७.०८ प्रतिशत गरी कुल खर्च रु. ३२ करोड ७८ लाख ६३ हजार अर्थात ६३.७८ प्रतिशत खर्च भएको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु।

**गरिमामय सभाका सभाध्यक्ष ज्यू,**

अब म गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८३/८४ को बजेटको  उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**उद्देश्यहरू:**

- ओमसतिया गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य आगामी बर्षसम्म सम्पन्न गरी दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने।
- उपलब्ध भौतिक तथा प्राकृतिक स्रोत साधन तथा मानविय संशाधनको उचित उपयोग मार्फत कृषि तथा पशु क्षेत्रको व्यवसायिक उत्पादनमा बृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने।
- शिक्षा क्षेत्रमा लगानी वृद्धि गरी सक्षम र क्षमतावान नागरिक तयार गर्न सूचना प्रविधिमा आधारित गुणस्तरिय शिक्षा प्रदान गर्ने।
- स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गरी भरपर्दो र सुरक्षित स्वास्थ्यमा नागरिकको पहुँच विकास गर्ने।
- पुराना र क्रमागत दायित्व भएका योजनाहरुलाई निरन्तरता दिई उचित प्रतिफल दिने योजनाहरु सञ्चालन गर्ने ।

- गाउँपालिकाको सेवाप्रवाहमा नागरिकको पहुँच तथा अपनत्व अभिवृद्धि गर्ने।
- प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययितामा आधारित गाउँपालिका निर्माण गर्ने।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँसभामा आर्थिक वर्ष २०८३/०८४ को राजश्व र व्ययको विवरण तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु।

- नेपालको संबिधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- संघीय सरकारका नीति, कार्यक्रम तथा बजेट बक्तव्य
- प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट बक्तव्य
- ओमसतिया गाउँपालिकाको आवधिक योजना
- ओमसतिया गाउँपालिकाको आर्थिक ऐन, २०८३
- ओमसतिया गाउँपालिकाको गाउँ प्रोफाइल
- ओमसतिया गाउँपालिकाको मध्यमकालिन खर्च संरचना, २०८३
- बस्ती तथा टोल स्तरीय भेला वडा समिति हुँदै सहभागीतामूलक योजना तर्जुमा प्रकियाद्वारा आएका आयोजना तथा कार्यक्रमहरु
- ओमसतिया गाउँपालिका क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र बस्तु स्थिति अवस्थाको विश्लेषण।
- विभिन्न सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुले प्राथमिकताका साथ कार्यान्वयन गर्नको लागि अघि सारेका कार्यक्रमहरु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक बर्ष २०८३/८४ को स्रोत व्यवस्थापन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु।

- आगामी आर्थिक बर्ष २०८३/८४ का लागि संघीय सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानिकरण अनुदान तर्फ रु. ११ करोड ८७ लाख, सशर्त अनुदान तर्फ रु. १६ करोड १९ लाख, समपुरक अनुदान तर्फ रु. ४० लाख अनुदान प्राप्तिको अनुमान गरेको छु।
- प्रदेश सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानिकरण अनुमान तर्फ रु. ८१ लाख ८३ हजार, सशर्त अनुदान तर्फ रु. १ करोड ५५ लाख, समपुरक अनुदान तर्फ रु. ७५ लाख अनुदान प्राप्तिको अनुमान गरेको छु।

- बाँडफाँडबाट प्राप्त राजश्व अन्तर्गत संघीय सरकारबाट रु. ९ करोड ७८ लाख ६२ हजार, प्रदेश सरकारबाट रु. ९९ लाख ०९ हजार र स्थानीय राजश्व बाँडफाँडबाट रु. १ करोड ५० लाख प्राप्तिको अनुमान गरेको छु।
- गाउँपालिकाको आन्तरिक श्रोत तर्फ रु. ३ करोड ७५ लाख गरी कुल जम्मा रु. ५१ करोड १० लाख ५४ हजार राजश्व तथा अनुदान प्राप्तिको अनुमान गरिएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु।

**आगामी आ.ब. २०८३/८४ को संक्षिप्त अनुमानित खर्च विवरण यस प्रकार छ।**
आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको चालु खर्च तर्फ रु. ३३ करोड ८९ लाख ३५ हजार खर्च अनुमान गरेको छु। जसमा संघीय सरकार सशर्त अनुदान चालु, संघ तथा प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड अनुदान र गाउँपालिकाको आन्तरिक आय समाबेश गरेको छु। त्यसै गरी पूँजिगत खर्च तर्फ रु. १७ करोड २१ लाख १९ हजार खर्च अनुमान गरेको छु। जसमा संघ तथा प्रदेश सरकार समानीकरण अनुदान र राजश्वको हिस्सा समावेश गरेको छु। यसरी आगामी आ.ब. २०८३/८४ का लागि कुल जम्मा रु. ५१ करोड १० लाख ५४ हजार खर्चको प्रक्षेपण गरेको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु।

**आदरणिय सभाध्यक्षज्यू,**

अब म आ.ब. २०८३/८४ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**१. आर्थिक विकास**

- गाउँपालिकालाई कृषि उत्पादनमा क्रमशः आत्मनिर्भर बनाई गरिबी न्यूनिकरण तथा रोजगारी अभिबृद्धि गर्न कृषि आधुनिकिकरण, विविधिकरण र व्यवसायिकरण मार्फत कृषि उत्पादकत्व बृद्धि गर्न सिंचित क्षेत्रमा चैते धान प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिँदै संघीय सरकार सशर्त अनुदानबाट रु. १० लाख विनियोजन गरेको छु।
- खाद्यान्न बाली उन्नत गहुँको बीउ ५० प्रतिशत अनुदानमा वितरणका लागि रु. १८ लाख, उन्नत धानको बीउ ५० प्रतिशत अनुदानमा वितरणका लागि रु. ५ लाख र मागको आधारमा च्याउ बीउ (स्पान तथा पोलिथिङ्ग व्याग) ५०% अनुदानमा वितरणका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।
- मागका आधारमा व्यवसायिक उन्मुख कृषकहरुलाई लहरे र हिउँदे तरकारी बीउ ७५ प्रतिशत अनुदानमा वितरण गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।
- किसान सूचीकरण कार्यक्रमको निरन्तरताका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. २ लाख बजेट विनियोजन गरेको छु।

- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका सरुवा रोगहरु खोरेत, भ्यागुते, चरचरे, लम्पी स्किन रोग नियन्त्रणका लागि एकमुष्ठ रु. १४ लाख २० हजार बजेट विनियोजन गरेको छु।
- ७५% अनुदानमा हिउँदे र वर्षे घाँसको बिउ वितरण गर्न रु. ८ लाख बजेट विनियोजन गरेको छु साथै नियमित पशुपंछि उपचारको लागि आधारभुत औषधी खरिद तथा वितरणको लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु।
- जुनोटिक तथा महामारीजन्य रोग नियन्त्रण र सचेतना कार्यक्रमका लागि एकमुष्ठ रु. ८ लाख ६० हजार बजेट विनियोजन गरेको छु।
- भैंसी प्रवद्धन कार्यक्रम सञ्चालनका निमित्त संघीय सरकारबाट सशर्त अनुदानमा रु. ६ लाख २० हजार बजेट विनियोजन गरेको छु। यससँगै कृषि विकास शाखाको लागि संघीय सरकार सशर्त अनुदान र गाउँपालिकाबाट समेत रु. ५९ लाख र पशुपंछी विकास शाखाको लागि संघीय सरकार सशर्त अनुदान र गाउँपालिकाबाट समेत ५३ लाख विनियोजन गरेको छु।
- साना तथा घरेलु उद्यमीलाई प्रोत्साहन गर्दै नयाँ उद्यमी सिर्जना तथा दक्ष उद्यमीहरुलाइ उपार्जनसँग आवद्ध गरी रोजगारी सिर्जना गर्न उद्यम विकास कार्यक्रम तर्फ एकमुष्ठ रकम रु. १२ लाख बजेट विनियोजन गरेको छु।
- गाउँपालिका भित्र रहेका सहकारी, उद्योग व्यवसायहरुमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन, नियमित अनुगमन निरिक्षण, राजश्व व्यवस्थापन, ब्यवसाय दर्ता तथा नविरकण, घरजग्गा, नक्सापास लगायतका कार्यहरु सञ्चालन गर्नका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

## २. सामाजिक विकास

- आधारभुत तह र माध्यमिक तहका स्वीकृत दरवन्दी, राहत कोटा, बालविकास तथा कार्यालय सहयोगीमा कार्यरत शिक्षक कर्मचारीका लागि संघीय सरकार सशर्त अनुदानबाट एकमुष्ठ तलब भत्ता रु. ७ करोड ४० बजेट विनियोजन गरेको छु।
- कक्षा १ देखि १२ कक्षा सम्मको निशुल्क पाठ्यपुस्तक खरिदका लागि संघीय सरकार सशर्त अनुदान रु. २३ लाख ०९ हजार विनियोजन गरेको छु।
- कक्षा १ देखि कक्षा ५ सम्मका बिद्यार्थीहरुलाई दिवा खाजाका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ८१ लाख ५० हजार विनियोजन गरेको छु।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. १२ लाख बजेट विनियोजन गरेको छु।
- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ३४ लाख ४० हजार विनियोजन गरेको छु।

- आधारभुत तह कक्षा ६ देखि कक्षा ८ र माध्यमिक कक्षा ९ देखि कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान बिषयमा शिक्षण सहयोग अनुदानका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ५१ लाख ५२ हजार विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ८ लाख ०६ हजार बजेट विनियोजन गरेको छु।
- गा.पा. शिक्षक कर्मचारी, स.का. हरुको तलब लगायत सुविधाका लागि एकमुष्ठ रु. १ करोड ११ लाख १५ हजार बजेटको विनियोजन गरेको छु।
- नर्सरी र के.जी. कक्षाको पाठ्यपुस्तक खरिदको लागि रु. ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- पालिका भित्रका माध्यमिक विद्यालय र आधारभुत विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि एकमुष्ठ रु. १२ लाख बजेट विनियोजन गरेको छु। यस संगै शिक्षा शाखाको लागि संघीय सरकार सशर्त अनुदान र गाउँपालिकाबाट समेत गरी एकमुष्ठ रु. १२ करोड ७२ लाख विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण र डायलाईसिस गराईरहेका तथा क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार खर्च वापत संघीय सरकार सशर्त अनुदानबाट मासिक रु. ५ हजारका दरले उपलब्ध गराईने रकममा रु. ३६ लाख ४० हजार विनियोजन गरेको छु।
- महिला स्वयंमसेविकालाई प्रोत्साहन गर्न पोशाक र यातायात खर्च बापत संघीय सरकार सशर्त अनुदानबाट रु. २२ लाख र गाउँपालिकाबाट पाइरहेको सुविधामा रु. ५०० थप गरी रु. २२ लाख ५० हजार गरी कुल रु. ४४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद तथा ढुवानी कार्यका लागि संघीय सरकार सशर्त अनुदानबाट रु.११ लाख ६५ हजार र गा.पा.बाट रु. २० लाख गरी कुल रु. ३१ लाख ६५ हजार विनियोजन गरेको छु।
- पोषण कार्यक्रम सञ्चालनका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ३ लाख बजेट विनियोजन गरेको छु।
- मातृ तथा नवशिशु कार्यक्रम सञ्चालनको लागि संघीय सरकार सशर्त अनुदानबाट रु.१९ लाख ३६ हजार विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थामा आवश्यक औजार, उपकरण तथा ल्याबको केमिकल खरिदका लागि रु. १० लाख विनियोजन गरेको छु।
- म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घर टोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रमको लागु संघीय सरकार सशर्त अनुदान बाट रु. ४ लाख ६० हजार बजेट विनियोजन गरेको छु।
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन कार्यक्रमका लागि संघीय सरकार सशर्त अनुदान बाट रु. ५ लाख बजेट विनियोजन गरेको छु।

- निशुल्क रक्तदान सेवाको लागि रु. ५ लाख विनियोजन गरेको छु। यससंगै स्वास्थ्य शाखाको लागि संघीय सरकार र स्थानीय तहबाट एकमुष्ट रु. ५ करोड १ लाख बजेट विनियोजन गरेको छु।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता, अपाङ्गता परिचय पत्र वितरणको लागि घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- रोजगारी सृजना कार्यक्रमका लागि संघीय सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु. १० लाख ४७ हजार बजेट विनियोजन गरेको छु।
- उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता कार्यक्रमको निरन्तरता दिंदै आवश्यक बजेटको व्यवस्था गरेको छु।
- महिला संस्था तथा समिति, बालक्लब, किशोरी समूह एवं महिला सहकारी संस्थामा आवद्ध महिलाहरुको सशक्तिकरणका लागि विभिन्न अन्तरक्रिया, गोष्ठी, तालिम, सेमिनार, समूह परिचालन जस्ता कार्यक्रम सञ्चालन गर्न र विभिन्न दिवसिय कार्यक्रमहरुका लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- लक्षित, एकल महिला तथा महिला समुहको सीप तथा व्यवसायिक तालिम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- बालबालिकाहरुका लागि लागूपदार्थ दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**गाउँसभा सदस्यज्यूहरु,**

अव म पूर्वाधार विकास तर्फका कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**३. पूर्वाधार विकास तर्फ-**

- प्रदेश सरकार समपूरक अनुदान समेतको साझेदारीमा रु.१ करोड ५० लाख वजेट विनियोजन गरेको छु।
- बसन्तपुर दशरथ जनता मा.वि. हुँदै गाउँपालिका पुग्ने सडक निर्माण कार्यका लागि संघीय सरकार समपूरक अनुदान समेतको साझेदारीमा रु. १ करोड बजेट विनियोजन गरेको छु।
- सेवाप्रवाह सहज सरल र प्रभावकारीरुपमा सञ्चालन गर्न निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्यको लागि रु. २ करोड विनियोजन गरेको छु।
- चालु आ.ब.मा विद्युतिय बोलपत्र आब्हान गरी आगामी आ.व मा सम्पन्न गर्ने गरी सम्झौता भएका आयोजनाहरुलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

**सभाका सभाध्यक्ष ज्यू,**

अव म सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फका कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**४. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र-**

- गाउँपालिकाको विकास निर्माणलाइ थप व्यवस्थित बनाउन दोस्रो गाउँविकास योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सेवाग्राही सन्तुष्टी सर्वेक्षण, आवधिक वार्षिक प्रगति समिक्षा, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकता दिई असुल उपर गर्ने बेरुजु कडाइका साथ असुल उपर गरी संघीय तथा स्थानीय सञ्चित कोषमा दाखिला गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। साथै हालसम्मका म.ले.प. प्रतिवेदनहरुले औल्याएका नियमित गर्नुपर्ने बेरुजु सम्परिक्षण गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु।

**५. कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ-**

- गाउँकार्यपालिका कार्यालय वा अन्तर्गत वडा कार्यालयमा कार्यरत सम्पुर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीलाई तलब, भत्ता, पोशाक लगायत सेवा सुविधाको लागि रु. ५ करोड ९६ लाख बजेट विनियोजन गरेको छु।
- गाउँकार्यपालिका कार्यालय वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु दैनिक कार्य सञ्चालन, मर्मत संभार, मसलन्द, कार्यालय सामग्री, बैठक भत्ता तथा इन्धन खर्च लगायतका विविध प्रशासनिक खर्चमा मितव्ययीता अपनाउन बजेट कटौति गरी अति आवश्यक कार्यमा मात्र खर्च गर्न वजेटको व्यवस्था गरेको छु।
- सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त, पारदर्शी, सेवामैत्री एवं प्रभावकारी वनाउन आवश्यक वजेटको व्यवस्था गरेको छु।

**सभाका सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक बर्ष २०८३/८४ को राजश्व परिचालनको नीति तथा कार्य्रक्रम प्रस्तुत गर्न चाहन्छु।

- गाउँपालिकाको कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गर्न कर शिक्षा कार्यक्रम, अभिलेख अद्यावधिक गर्ने कार्यलाई सहज बनाउन घुम्ति शिविर कार्यक्रमको प्रवन्ध मिलाएको छु।
- उद्योग व्यवसाय (इट्टा, केमिकल, लगायत वातावरणीय प्रदुषण गराउने, खोलानाला, पोखरी, तालतलैया लगायत प्राकृतिक स्रोत) बाट राजश्व उठाउन कर जागरण अभियान

सञ्चालन गर्ने र सो बाट उठेको राजश्व मितव्ययी तरिकाले खर्च गर्ने व्यवस्था मिलाएको छु।

- आन्तरिक आय संकलनका प्रमुख स्रोतका रुपमा रहेका खोला, पोखरी, हाटबजारहरुको ठेक्का सञ्चालन कार्यलाई निरन्तरता दिएको छु।
- गाउँपालिकाले उठाउन बाँकि रहेका विभिन्न स्रोतबाट प्राप्त हुने राजश्व रकम तथा बिगतको बक्यौता रकम संकलन गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।
- आ.ब. २०८३/८४ का लागि ओमसतिया गाउँपालिकाको आर्थिक ऐन, २०८३ को अनुसूची-१ देखि १० सम्म उल्लेख भए अनुसार आन्तरिक राजश्व संकलनका लागि व्यवस्था गरेको छु।
- त्यसैगरी आ.ब. २०८३/८४ का लागि ओमसतिया गाउँपालिकाको विनियोजन ऐन, २०८३ को अनुसूची-१ मा आय व्ययको विवरण, अनुसूची-२ मा राजश्व तथा अनुदान प्राप्तिको विवरण, अनुसूची-३ मा व्यय अनुमान, अनुसूची-५ मा क्षेत्रगत व्यय अनुमान र अनुसूची-६ मा कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन उल्लेख गरी गाउँपालिकाको समग्र योजना तथा कार्यक्रमको खाका प्रस्तुत गरेको छु।

| **आ.ब. ०८३/०८४ का लागि गाउँपालिका, वडा र विषयगत शाखा स्तरिय योजना तथा कार्यक्रम** | | | |
|---|---|---|---|
| | **गा.पा स्तरिय योजना तथा कार्यक्रमहरु** | | |
| | **अनिवार्य दायित्व तर्फ** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **अक्षरमा** |
| १ | प्रदेश समपुरक तर्फको योजनाका लागि म्याचिङ्ग फण्ड | ७५००००० | पचहत्तर लाख |
| २ | संघीय समपुरक तर्फको योजनाका लागि म्याचिङ्ग फण्ड | ६०००००० | साठी लाख |
| ३ | प्रशासकीय भवन निर्माण | २००००००० | दुई करोड |
| ४ | दमकल व्यवस्थापन | १०००००० | दश लाख |
| ५ | विपद व्यवस्थापन | १५००००० | पन्ध्र लाख |
| ६ | धार्मिक साँस्कृतिक सहायता | १२००००० | बाह्र लाख |
| ७ | सतियामाई मेला व्यवस्थापन | ८००००० | आठ लाख |

| | | | |
|---|---|---|---|
| ८ | आ.ब. २०८२/८३ मा भुक्तानी हुन नसकी दायित्व सर्ने योजनाहरु | १२०००००० | एक करोड बीस लाख |
| ९ | ठुटिपिपल हाटबजार संरचना सुधार | १०००००० | दश लाख |
| १० | करुवानी हाटबजार संरचना सुधार | १००००० | एक लाख |
| ११ | सिद्धार्थ राजमार्गको ६ लेन सडक सौन्दर्यिकरण | १०००००० | दश लाख |
| १२ | भैरहवा परासी सडक तथा सिद्धार्थ राजमार्गको विभिन्न स्थानमा बत्ती मर्मत | १०००००० | दश लाख |
| १३ | ४ नं. वडा कार्यालय देखि समयमाई स्थान प्रसौनी जाने बाटो निर्माण | १०००००० | दश लाख |
| **जम्मा** | | **५४,१००,०००।००** | **पाँच करोड एक्चालिस लाख** |

**अध्यक्षबाट प्रस्तावित योजनाहरु**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | लखनचोक दिपक थापाको घर देखि पश्चिम अधुरो पि.सि.सि वडा नं. १ | २००,०००।०० | दुई लाख |
| २ | लोकबहादुर गुरुङ्गको घरतिर पि.सि.सि वडा नं. १ | २००,०००।०० | दुई लाख |
| ३ | समईमाइ आमा समुहलाई भवन निर्माण वडा नं. १ | ३००,०००।०० | तीन लाख |
| ४ | शिवशक्ति आमा समुहलाई भवन निर्माण वडा नं. १ | ४००,०००।०० | चार लाख |
| ५ | ठुटिपिपल कभर्ड हल निर्माण वडा नं. १ | ५००,०००।०० | पाँच लाख |
| ६ | हाइवे देखि वडा कार्यालय जाने बाटो वडा नं. २ | १,१००,०००।०० | एघार लाख |
| ७ | फर्साटिकरमा अधुरो सामुदायिक भवन निर्माण तथा कम्पाउण्ड निर्माण वडा नं. ३ | ३००,०००।०० | तीन लाख |
| ८ | जनता आवि सेखवानामा माटो पटन तथा कम्पाउण्ड वाल निर्माण वडा नं. ३ | ४००,०००।०० | चार लाख |
| ९ | बौद्ध हार तर्कुल्लाहमा सौन्दर्यीकरण वडा नं. ३ | ४००,०००।०० | चार लाख |
| १० | उन्नति टोलमा बाटो निर्माण वडा नं. २ | ४००,०००।०० | चार लाख |
| ११ | पट्खौलि माविमा कम्पाउण्ड वाल र गेट निर्माण तथा मर्मत वडा नं. ५ | ५००,०००।०० | पाँच लाख |
| १२ | ओमसतिया मावि भवन निर्माण वडा नं. ५ | ५००,०००।०० | पाँच लाख |

| | | | |
|---|---|---|---|
| १३ | सतियामाई घाटमा सबदाहन स्थल निर्माण वडा नं. ५ | १,०००,०००।०० | दश लाख |
| १४ | कुश्माह टोल शिवपुजन यादवको घर देखि चोक सम्म अधुरो पिसिसि ढलान वडा नं. ६ | ४००,०००।०० | चार लाख |
| १५ | अधुरो कब्रस्थानमा वाल निर्माण नरैनापुर वडा नं. ६ | ३००,०००।०० | तीन लाख |
| १६ | छठ घाट निर्माण सानो नरैनापुरमा वडा नं. ६ | ३००,०००।०० | तीन लाख |
| १७ | दशरथ यादवको घर देखि शरदा कोहाइनको घर सम्म नालि निर्माण वडा णं. ६ | ४००,०००।०० | चार लाख |
| १८ | बस्नतपुर मावि भवन निर्माण बडा नं. ४ | ५००,०००।०० | पाँच लाख |
| १९ | टोलटेक्स दखि वेतैलिया जाने बाटोमा नाला निर्माण वडा नं. ४ | ५००,०००।०० | पाँच लाख |
| २० | नौडिहवा गाउँमा अधुरो पिसिसि ढलान वडा नं. ३ | ४००,०००।०० | चार लाख |
| २१ | पननि मदर्शामा भवन मर्मत तथा निर्माण वडा नं. ४ | ४००,०००।०० | चार लाख |
| २२ | सहयोगापेक्षी मानव र अनाथ बालवबालिका संरक्षण | १००,०००।०० | एक लाख |
| २३ | छाडा पशु चौपाय व्यवस्थापन | ५०,०००।०० | पचास हजार |
| २४ | ठूलो बालापुरमा विभिन्न बाटो पिसिसि ढलान, वडा नं. ४ | ८५०,०००।०० | आठ लाख पचास हजार |
| २५ | कोटहि आवि लाई ड्रेस वितरण | २००,०००।०० | दुई लाख |
| **जम्मा** | | **१०,६००,०००।००** | **एक करोड छ लाख** |
| | **उपाध्यक्षबाट प्रस्तावित योजनाहरु** | | |
| **क्र. सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **अक्षरमा** |
| १ | शिवशक्ती आमा समुहलाई भवन निर्माण वडा नं. १ | ३००००० | तीन लाख |
| २ | समईमाई आमा समुह समाज भवन निर्माण वडा नं. १ | ३००००० | तीन लाख |
| ३ | रेडक्रस सोसाइटी पडसरी उपशाखालाई पुर्वाधार निर्माण वडा नं. २ | २००००० | दुई लाख |
| ४ | सिद्धार्थ राजमार्गदेखि वडा कार्यालय जानेबाटो वडा नं. २ | ३००००० | तीन लाख |
| ५ | विरनगर गाउँमा पुर्वाधार निर्माण वडा नं. २ | २००००० | दुई लाख |
| ६ | केवटलिया गाउँमा चौपारी निर्माण वडा नं. २ | १००००० | एक लाख |

| | | | |
|---|---|---|---|
| ७ | बालापुर हनुमान मन्दिर अधुरो क्रियापुत्री भवन निर्माण वडा नं. ४ | २००००० | दुई लाख |
| ८ | मटेरिया गाउँमा सामुदायिक भवन ट्रष्ट निर्माण वडा नं. ४ | ५००००० | पाँच लाख |
| ९ | गौरी मस्जिद निर्माण वडा नं. ५ | ३००००० | तीन लाख |
| १० | नौडिहवा गाउँमा पिसिसि ढलान वडा नं. ३ | ३००००० | तीन लाख |
| ११ | आदर्श बौद्धबिहार निर्माण वडा नं. ३ | २००००० | दुई लाख |
| १२ | वडा कार्यालय अगाडी चौपारी निर्माण वडा नं. ३ | १००००० | एक लाख |
| १३ | भेलाई गाउँको सामुदायिक भवनमा कम्पाउण्ड वाल निर्माण वडा नं. ५ | ४००००० | चार लाख |
| १४ | जमुहानी गाउँमा सञ्जयको घरदेखि मझौली जाने बाटो वडा नं. ६ | ३००००० | तीन लाख |
| १५ | हाटिफर्साटिकर स्वास्थ्य चौकी व्यवस्थापन खर्च वडा नं. ३ | १००००० | एक लाख |
| १६ | छोटकीरामनगर मा.वि.पुर्वाधार निर्माण वडा नं. ६ | २००००० | दुई लाख |
| १७ | कटैया गाउँमा सडक तथा नाली निर्माण वडा नं. १ | ४००००० | चार लाख |
| १८ | ठुटिपिपल मा.वि.पुर्वाधार निर्माण वडा नं. १ | २००००० | दुई लाख |
| १९ | शान्ति कृषक महिला समुह भाँडाकुँडा खरिद वडा नं. ५ | १५०००० | एक लाख पचास हजार |
| २० | थारु डिउहार खुन्सालाई भाँडाकुँडा खरिद वडा नं. १ | १५०००० | एक लाख पचास हजार |
| २१ | तिज मिलन कार्यक्रम | ३००००० | तीन लाख |
| २२ | उपाध्यक्ष कप महिला भलिवल खेल प्रतियोगिता | ४००००० | चार लाख |
| २३ | गर्भवती सुत्केरी पोषण कार्यक्रम | ४००००० | चार लाख |
| २४ | महिला जनप्रतिनिधि र कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम | २००००० | दुई लाख |
| २५ | युवाक्लबहरुलाई खेलकुद सामग्री वितरण कार्यक्रम | २००००० | दुई लाख |
| २६ | ५० प्रतिशत अनुदानमा पम्पसेट वितरण | ३००००० | तीन लाख |
| २७ | ह्युम पाइप तथा विद्युत पोल जडान | ४००००० | चार लाख |

| | | | |
|---|---|---|---|
| २८ | सार्वजनिक भाषण कला सम्बन्धी तालिम | १००००० | एक लाख |
| २९ | गुरुङ्ग समुदायका दिदि बहिनिहरुलाई उद्धोषण कार्यक्रम | १००००० | एक लाख |
| ३० | सचेतना आमा समुहलाई स्वास्थ्य सचेतना सम्बन्धी तालिम | ५०००० | पचास हजार |
| ३१ | ठुटिपिपल कर्वट हल निर्माण वडा नं. १ | २००००० | दुई लाख |
| ३२ | विपन्न महिलाहरुलाई साबुन सरफ बनाउने तालिम | ३००००० | तीन लाख |
| ३३ | गाउँपालिका भित्रका आमा समुहहरुसँग अन्तरक्रिया कार्यक्रम | ३००००० | तीन लाख |
| ३४ | मगर दिवस कार्यक्रम | १००००० | एक लाख |
| ३५ | लाखे नाच कार्यक्रम नेवार समुदाय | १५०००० | एक लाख पचास हजार |
| ३६ | स्वंयसेविका सम्मान कार्यक्रम | २००००० | दुई लाख |
| ३७ | विद्यार्थीहरुसँग उपाध्यक्ष कार्यक्रम | २००००० | दुई लाख |
| ३८ | माघि महोत्सव कार्यक्रम | २००००० | दुई लाख |
| ३९ | बौद्धिक/अटिज्म अपाङ्गगता भएका ब्यक्ति तथा अभिभावकहरुलाई विविध कार्यक्रम | २००,०००।०० | दुई लाख |
| ४० | अपांगता समन्वय समिति बैठक खर्च | १००,०००।०० | एक लाख |
| **जम्मा** | | **९,३००,०००।००** | **त्रिरानब्बे लाख** |
| **वडा स्तरिय योजना तथा कार्यक्रमहरु** | | | |
| **वडा नं.-१** | | | |
| **क्र. सं.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **अक्षरमा** |
| १ | ठुटिपिपल देवि गुरुङ्गको घर देखि पूर्व वाटो पि.सि.सि वडा नं. १ | ५००००० | पाँच लाख |
| २ | दिपक सुवेदिको घर देखि उत्तर बाटो पि.सि.सि वडा नं. १ | ३००००० | तीन लाख |
| ३ | जानकि पन्थीको घरजाने बाटो पि.सि.सि वडा नं. १ | २००००० | दुई लाख |
| ४ | गंगापुर मोनु बुढाथोकिको जग्गा देखि पश्चिम बाटो पि.सि.सि वडा नं. १ | ३००००० | तीन लाख |

| | | | |
|---|---|---|---|
| ५ | कटैया गाउँको अधुरो बाटो पि.सि.सि वडा नं. १ | ३००००० | तीन लाख |
| ६ | मिलन बगालेको घर तिर जाने बटो पि.सि.सि वडा नं. १ | ५००००० | पाँच लाख |
| ७ | दुर्गा गुरुङ्गको घर देखि उत्तर बाटो पि.सि.सि खुन्सा वडा नं. १ | ३००००० | तीन लाख |
| ८ | नयाँ गाउँ जोगेन्द्रको घर देखि पूर्व बाटो पि.सि.सि. वडा नं. १ | २००००० | दुई लाख |
| ९ | डिउहार मन्दिर र भैरव मन्दिर मर्मत कटैया वडा नं. १ | १००००० | एक लाख |
| १० | नयाँ गाउँ गौतमको घर देखि पूर्व बाटो पि.सि.सि वडा नं. १ | १५०००० | एक लाख पचास हजार |
| ११ | लाहुरे टोल दुर्गा समाज भवन देखि पश्चिम अधुरो बाटो पि.सि.सि वडा नं. १ | ३००००० | तीन लाख |
| १२ | गंगापुर डिउहार मन्दिर मर्मत वडा नं. १ | १००००० | एक लाख |
| १३ | घिमिरे समाज कुलदेव (मन्दिर) समिति आवश्यकता अनुसार पूर्वाधार निर्माण वडा नं. १ | १००००० | एक लाख |
| १४ | भिन्तुवा नेवाखलको अधुरो भवन निर्माण वडा नं. १ | २००००० | दुई लाख |
| १५ | नेपाल मगर संघ वडा समिति वडा नं.१ मा पुर्वाधार निर्माण वडा नं. १ | २००००० | दुई लाख |
| १६ | लखनचोक टोल सरसफाई तथा विकास समाजको अधुरो भवन निर्माण तथा मर्मत | ३००००० | तीन लाख |
| १७ | तमु ह्युलो छोज धि गुरुङ्ग राष्ट्रिय परिषद इकाई ओमसतिया कार्यालय वडा नं. १ | २००००० | दुई लाख |
| १८ | ठुटिपिपल ब्याडमिन्टन क्लबमा पुर्वाधार निर्माण वडा नं. १ | ३००००० | तीन लाख |
| १९ | ठुटिपिपल ब्याडमिन्टन क्लबमा पुर्वाधार निर्माण वडा नं. १ | २००००० | दुई लाख |
